DEMOCRACY RESOURCE CENTER

राजनीतिक परिवेश विश्लेषण

# सङ्घीय निजामती सेवा विधेयक : प्रशासनिक सङ्घीयता सुधारको अवसर

अंक ९ | जेठ २०८१

## सारांश

नेपाली सङ्घीयताले आठ वर्ष पूरा गरिसक्दा पनि प्रशासनिक सङ्घीयतालाई गतिशील बनाउने सङ्घीय निजामती ऐन बनेको छैन। यसले गर्दा सङ्घीयता कार्यान्वयनमा असर परेको छ । सङ्घीय निजामती सेवा विधेयकमाथि अनेकौँ स्वार्थ समूहहरूको आ-आफ्नै खिचातानी छ । यसैका कारण प्रतिनिधिसभाको पहिलो कार्यकालमा प्रवेश पाई राज्य व्यवस्था तथा सुशासन समितिमा लामो समयसम्म छलफल भएर पनि यो विधेयक फिर्ता लिइयो।

अहिले पुनः प्रतिनिधिसभामा दर्ता गरिएको यो विधेयकमा पनि राजनीतिक दल, कर्मचारीका समूह, ट्रेड युनियन र अनेक समूहका विरोधाभासपूर्ण स्वार्थ प्रकट भएका छन् । त्यसैले विधेयकको अर्थपूर्ण निकासका लागि समग्र प्रशासन संयन्त्रको बृहत्तर हित सोची यसलाई जनतामुखी बनाउनेतर्फ प्रतिनिधिसभाको ध्यान केन्द्रित हुन अत्यावश्यक छ।

सरकार र कर्मचारी प्रशासनबीच सौहार्द सम्बन्ध नभई राज्यले प्रदान गर्ने सेवालाई प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक सक्षम, समावेशी, व्यावसायिक, उच्च मनोबलयुक्त र नैतिकवान प्रशासन संयन्त्र प्राप्त हुँदैन । तसर्थ खास समूहको स्वार्थलाई बेवास्ता गरी बृहत्तर कर्मचारीको भलाईलाई केन्द्रमा राखेर विधेयकलाई संशोधन गरिनु जरुरी छ। निःसन्देह, सङ्घीय प्रणालीमा तीन तहका सरकारबीच सम्बन्धका आयाम सुमधुर र समन्वयात्मक बनाउन कर्मचारी प्रशासनको अहम् भूमिका हुन्छ। त्यसैले प्रशासनिक सङ्घीयतालाई प्रभावकारी बनाउने अवसर यो विधेयकले दिएको छ र सङ्घीय संसद्ले यो अवसरको सदुपयोग गर्नै पर्छ।

## परिचय

नेपालमा २०७२ सालमा संविधान जारी भएपछि सङ्घीय शासन प्रणाली सुरु भएको हो। तर आठ वर्ष बितिसक्दा पनि सङ्घीय निजामती सेवा ऐन बनेको छैन। यसले सङ्घीयता कार्यान्वयनमा अवरोध गरेको छ। स्थानीय तथा प्रदेश सरकारले कर्मचारी व्यवस्थापन र नियमन गर्न सकेका छैनन् भने कर्मचारीको वृत्ति विकास र दूरगामी संरचनागत निर्माणका काम अवरुद्ध छन्।

यस्तो महत्त्वपूर्ण ऐन बनाउने प्रयास नै नभएको भने होइन । २०७५ सालमा प्रतिनिधिसभामा यससम्बन्धी विधेयक दर्ता भई राज्य व्यवस्था तथा सुशासन समितिमा गहन छलफलसमेत गरिसकेपछि यसलाई तत्कालीन सरकारले फिर्ता लियो। लामो सकसपछि फागुन २१, २०८० मा सङ्घीय निजामती सेवा विधेयक प्रतिनिधिसभामा दोस्रो पटक दर्ता भएको छ।

प्रस्तुत राजनीतिक परिवेश विश्लेषणमा सङ्घीय निजामती सेवा विधेयकको मस्यौदा तयारीदेखि प्रतिनिधिसभामा प्रवेश र फिर्ता अनि पुनः नयाँ विधेयक दर्ताका घटनाक्रमको विवेचना छ। विभिन्न स्वार्थ समूहको विरोधाभासपूर्ण रुचिका कारण यसमा भएको ढिलाइको चर्चा पनि यहाँ छ । त्यसबाहेक पछिल्लो विधेयकमा भएका केही नयाँ प्रावधानहरूको लेखाजोखा पनि यस विश्लेषणले गरेको छ।

## ऐनको औचित्य

एकात्मक शासन प्रणालीमा कर्मचारी प्रशासनलाई *निजामती सेवा ऐन*, २०४९ र *निजामती सेवा नियमावली*, २०५० ले मार्गनिर्देश गरेका थिए। तर मुलुकले एकात्मक राजतन्त्रात्मक शासन प्रणालीको सट्टा सङ्घीय गणतन्त्रात्मक शासन प्रणाली अपनाएपछि कर्मचारी प्रशासनमा पनि व्यापक परिवर्तन भयो । त्यसैले परिवर्तित सन्दर्भमा प्रशासन संयन्त्रलाई नियमन गर्न र कर्मचारीको वृत्ति विकासलाई सम्बोधन गर्न सङ्घीय निजामती सेवा ऐन चाहिएको हो। यो छाता ऐन हो र यसका आधारमा अन्य कानून बनाइन्छ। प्रदेश र स्थानीय तहका निजामती सेवासम्बन्धी कानूनका लागि पनि यो आधार कानून हो। गाउँपालिका राष्ट्रिय महासङ्घ नेपालकी अध्यक्ष एवं नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को हुप्सेकोट गाउँपालिकाकी अध्यक्ष लक्ष्मीदेवी पाण्डेले सङ्घीय निजामती सेवा ऐनको अभावमा कर्मचारीहरूको वृत्ति विकास रोकिएको बताइन्। उनले थपिन्, "ऐन नहुनाले स्थानीय तहले आफ्नो योजना कार्यान्वयन गर्न सक्ने दक्ष जनशक्ति पाउन कठिनाइ भएको

छ, जसको सोझो असर विकास निर्माणका काम र सेवा प्रवाहमा देखिएको छ।"[१]

राजनीति, वित्त र प्रशासन सङ्घीयताका तीन महत्त्वपूर्ण पक्ष हुन्। अघिल्ला दुई पक्षलाई चलायमान पार्ने प्रशासनिक सङ्घीयताले हो। तर सङ्घीय निजामती सेवा ऐनको अभावमा प्रशासनिक सङ्घीयता कमजोर भएको छ र यसको असर राजनीतिक एवम् वित्तीय सङ्घीयतालाई पनि परेको छ। कर्मचारी व्यवस्थापनका लागि समायोजनका साथै सङ्घीय लोक सेवा आयोगदेखि प्रदेश लोक सेवा आयोगसम्मको व्यवस्था संविधानमा नै गरिएको छ। सोहीबमोजिम सातै प्रदेशमा प्रदेश लोक सेवा आयोग स्थापना भई काम थालिसके पनि सङ्घीय निजामती सेवा ऐन नभएकाले कतिपय कामहरू अधुरा छन्। उक्त कानूनको अभावले गर्दा प्रदेश निजामती सेवा तथा स्थानीय सेवासम्बन्धी कानून निर्माण हुन नसकेको वा कानून निर्माण भए पनि तिनको कार्यान्वयन हुन नसकेको पाइन्छ। यसले स्थानीय, प्रदेश र सङ्घ गरी तीनै तहको नागरिक सेवा प्रवाह प्रभावित भइरहेको छ।

प्रदेश र स्थानीय तहमा मूलतः पाँच थरीका कर्मचारी छन्।[२] सङ्घीय सरकारको नियुक्तिमा आएका प्रमुख सचिव र प्रमुख प्रशासकीय अधिकृतहरू पहिलो वर्गमा पर्छन्। तिनको खटनपटन, कार्यसम्पादन मूल्याङ्कन, बढुवा र सरुवा सङ्घ सरकारकै अधीनमा छ। सङ्घ सरकारले यसमा उचित ध्यान दिन नसक्दा सयभन्दा बढी स्थानीय तहहरूमा प्रमुख प्रशासकीय अधिकृत नभएको पाइन्छ।[३] दोस्रो, कर्मचारी समायोजन प्रक्रियापछि सङ्घबाट प्रदेश र स्थानीय तहमा आएका कर्मचारी पर्छन्। अन्तर तह सरुवासम्बन्धी अन्यौल, वृत्ति विकासका अवसरको अभावजस्ता कारणले ती निराश छन्। तेस्रो, स्थानीय र प्रदेशले अस्थायी रूपमा नियुक्त गरेका कर्मचारीहरू हुन्। तिनका सेवाका सर्त र सुविधा स्थानीय र प्रदेश तहले तोकेबमोजिम छ। अधिकारका दृष्टिले कमजोर यस्ता कर्मचारीलाई 'दोस्रो दर्जा' का मानिने पनि गरिन्छ। चौथो वर्गमा २०७२ को संविधान लागु हुनुअघि नै स्थानीय तहमा स्थायी रूपमा कार्यरत कर्मचारी पर्छन्। तिनको अवस्था पनि तेस्रो वर्गका कर्मचारीको जस्तै नै छ। पाँचौँ वर्गमा प्रदेशहरूले आफ्नै निजामती ऐनअनुरूप प्रदेश लोक सेवा आयोगमार्फत नियुक्त गरेका कर्मचारी पर्छन्। यस प्रकार एकै कार्यालयमा कार्यरत कर्मचारीको खटनपटनमा आएको अन्यौल, कर्मचारीमा देखिएको असुरक्षा भाव आदि समस्याको सम्बोधनका लागि सङ्घीय निजामती ऐन अत्यावश्यक भएको हो।

## गोलचक्करमा विधेयक

सङ्घीय निजामती सेवा ऐनका लागि २०७४ सालको निर्वाचनपछि बनेको केपी ओली नेतृत्त्वको सरकारले मस्यौदा निर्माण सुरु गरेको थियो। उक्त मस्यौदा माघ २७, २०७५ मा विधेयकका रूपमा प्रतिनिधिसभामा दर्ता भयो। त्यसपछि फागुन १०, २०७५ मा यो विधेयक राज्य व्यवस्था तथा सुशासन समितिमा पुग्यो। यस विधेयकबारे छलफल गर्नका लागि ६१ पटक उक्त समितिको बैठक बसेको थियो। अन्ततः असार १५, २०७७ मा बहुमतका आधारमा यसलाई पास गरी पुनः प्रतिनिधिसभामा पेस गरियो।[४] तर तत्कालीन प्रधानमन्त्री तथा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष केपी शर्मा ओलीले आफ्नो दलभित्रको आन्तरिक द्वन्द्वका कारण दुई पटक संसद् विघटन गरे। त्यसपछि संसदीय क्रियाकलाप ओझेलमा पर्‍यो र विधेयक निर्माण प्रक्रिया अवरुद्ध भयो।[५]

दोस्रो पटकको संसद् विघटनको निर्णय सर्वोच्च अदालतले बदर गरिदिएपछि ओली नेतृत्वको सरकार ढल्यो र नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाको नेतृत्वमा असार २९, २०७८ मा नयाँ सरकार बन्यो। त्यसको करिब तीन महिनापछि असोज १९, २०७८ मा मन्त्रिपरिषद्को बैठकले सङ्घीय निजामती सेवा विधेयक २०७५ संसद्बाट फिर्ता लिने निर्णय गर्‍यो। असोज २२, २०७८ को प्रतिनिधिसभाको बैठकमा बहुमतको आधारमा उक्त विधेयक फिर्ता गरियो।[६] तत्कालीन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री लालबाबु पण्डित राजनीतिक प्रतिशोधका आधारमा सङ्घीय निजामती सेवा विधेयक फिर्ता लिने निर्णय गरिएको बताउँछन्। उनी भन्छन्, "त्यति बेला निजामती सेवा ऐन करिबकरिब पास नै भइसकेको हो। राज्य व्यवस्था तथा सुशासन समितिबाट बहुमतले पारित भएर संसद्मा पुगिसकेको थियो। तर त्यतिबेलै केपी ओली नेतृत्वको हाम्रो सरकार ढल्यो। अनि शेरबहादुर देउवा नेतृत्वको नयाँ सरकारले यसलाई संसद्बाटै झिकिदियो। त्यतिबेला अरू कुरामा सर्वसहमति थियो। कर्मचारीहरूले भने अलिकति विवाद गरेका थिए। अहिलेजस्तो धेरै ट्रेड युनियनहरू नराखी एउटा साझा युनियन बनाउने प्रावधान हामीले राखेका थियौँ। त्यसमा उनीहरूको असन्तुष्टि थियो।"[७]

वास्तवमा विधेयकका प्रावधानहरूमाथि मत भिन्नता धेरै थिए। दलहरूबीच सहमति नहुनाले नै उक्त विधेयक राज्य व्यवस्था तथा सुशासन समितिबाट बहुमतका आधारमा पास गरिएको थियो। लालबाबु पण्डितका अनुसार तत्कालीन नेकपाभित्रको नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) [नेकपा (एमाले)] समूहले प्रदेशको मुख्यसचिव र सचिव अनि

---

[१] पाण्डेसँग वैशाख २, २०८१ मा गरिएको कुराकानी।

[२] अधिकारी, विष्णु र परशुराम उपाध्याय। सन् २०२४। नेपाल्स न्यू फेडरल सिभिल सर्भिस बिल। द *एशिया फाउण्डेसन*, अप्रिल २४। https://asiafoundation.org/24/04/2024/nepals-new-federal-civil-service-bill/ मा उपलब्ध; जेठ ४, २०८१ मा हेरिएको।

[३] न्यूज एजेन्सी नेपाल। २०८०। प्रमुख प्रशासकीय अधिकृत नहुँदा एक सय भन्दा बढी स्थानीय तहको काम प्रभावित। *कान्तिपुर*, माघ ७। https://ekantipur.com/news/21/01/2024/the-work-of-the-local-level-is-affected-due-to-the-absence-of-the-chief-administrative-officer-54-42.html मा उपलब्ध; जेठ ७, २०८१ मा हेरिएको।

[४] राज्य व्यवस्था तथा सुशासन समितिको सचिवालय। २०७८। *राज्य व्यवस्था तथा सुशासन समितिको वार्षिक प्रतिवेदन*। पृ. ४७। https://hr.parliament.gov.np/uploads/attachments/2f2ydlkcllssvocf.pdf मा उपलब्ध; वैशाख २८, २०८१ मा हेरिएको।

[५] बाहखरी। २०८०। संसद् र सरकारले पुरानै नियति दोहोर्‍याउला कि कर्मचारीलाई कानून देला ? भदौ १८। https://baahrakhari.com/detail/398711 मा उपलब्ध; वैशाख २३, २०८१ मा हेरिएको।

[६] नागरिक। २०७८। सङ्घीय निजामती सेवा विधेयक २०७५ संसद्बाट फिर्ता। असोज २१। https://nagariknews.nagariknetwork.com/politics/642631-1633683077.html मा उपलब्ध; वैशाख २३, २०८१ मा हेरिएको।

[७] नेकपा (एमाले) का नेता एवम् तत्कालीन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री लालबाबु पण्डितसँग चैत २९, २०८० मा गरिएको कुराकानी।

स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत सङ्घबाट जाने र प्रदेश निजामती सेवा र स्थानीय सेवाले अन्य कर्मचारीको पदपूर्ति गर्न सक्ने तर्क राखेको थियो भने नेकपाभित्रको नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) समूहले प्रदेश र स्थानीय तहले सबै कर्मचारी आफैले राख्न पाउनुपर्छ भन्ने धारणा बोकेको थियो।[८] त्यसका साथै निजामती कर्मचारीको ट्रेड युनियनलगायत प्रावधानमा सहमति नजुटेपछि उक्त विधेयक लामो समय अड्किएको थियो। विभिन्न ट्रेड युनियनले विधेयकका प्रावधानप्रति असन्तुष्टि जाहेर गर्दै विरोध गरेका थिए।[९]

विधेयकमा प्रस्तावित कैयौँ विषयवस्तुमाथि असन्तुष्टि जनाउँदै कर्मचारीहरू बारम्बार आन्दोलित भए। राज्य व्यवस्था तथा सुशासन समितिले २०७७ सालमा उक्त विधेयकमा राजपत्राङ्कित तृतीय श्रेणी (शाखा अधिकृत) मा ८० प्रतिशत खुला र २० प्रतिशत आन्तरिक बढुवामार्फत पदपूर्ति गर्ने व्यवस्था बनायो। त्यसपछि नायव सुब्बाहरूले यसप्रति आपत्ति प्रकट गर्दै विरोध गरेका थिए।[१०] उनीहरूको माग राजपत्रांकित तृतीय श्रेणीमा खुला प्रतिस्पर्धा ८० बाट झारेर ५० प्रतिशत कायम गर्नुपर्ने भन्ने थियो। तर संसद्बाट विधेयक फिर्ता गरेपछि निर्वाचनको माहौल आयो। त्यसपछि २०७९ को निर्वाचनपश्चात् गठित पुष्पकमल दाहाल नेतृत्वको सरकारले पुनः नयाँ विधेयकको तयारी थाल्यो।

चैत २०, २०७९ मा संयुक्त ट्रेड युनियन सञ्जालले संयुक्त सङ्घर्ष समिति गठन गरी आफ्ना मागको सम्बोधनसहित सङ्घीय निजामती सेवा ऐन सङ्घीय संसद्बाट पास गर्न दबाबमूलक आन्दोलन सुरु गरेको थियो। उक्त सञ्जालमा नेपाल निजामती कर्मचारी सङ्गठन, नेपाल निजामती कर्मचारी युनियन, नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन (निजामती), एकीकृत सरकारी कर्मचारी सङ्गठन नेपाल र नेपाल मधेशी निजामती कर्मचारी मञ्च थिए।[११] वैशाख २०, २०८० मा बसेको मन्त्रिपरिषद्को बैठकले आन्दोलनरत कर्मचारीसँग वार्ता गर्न तत्कालीन उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्काको नेतृत्वमा समिति गठन गरेको थियो।[१२] वार्तामा माग सम्बोधन गर्ने सहमति भएको थियो।

भदौ २२ मा मनाइने निजामती सेवा दिवसको पूर्व सन्ध्यामा अर्थात् भदौ २१, २०८० मा मन्त्रिपरिषद्को बैठकले सङ्घीय निजामती सेवा विधेयक संसद् लैजाने निर्णय गऱ्यो। निजामती दिवसमा कर्मचारीलाई खुशी पार्नलाई एक दर्जनभन्दा बढी विवाद बाँकी हुँदा नै त्यस्तो निर्णय गरिएको थियो। मूलतः प्रदेश सचिवको खटनको अधिकार सङ्घमै राख्ने कि प्रदेशलाई दिने भन्नेमा विवाद थियो भने उपसचिवसहित अधिकृतहरूले ऐनमा गरिएको तह र श्रेणीको प्रस्तावमा आपत्ति जनाएपछि सरकारलाई अप्ठ्यारो परेको थियो।[१३] त्यसैले मन्त्रिपरिषद्ले संसद्मा दर्ता गर्ने निर्णय गरे पनि यो विधेयक त्यतिबेला संसद् पुग्न सकेन।

सङ्घीय निजामती विधेयकमा आफ्ना मागहरू सम्बोधन गरियोस् भनी असोज २०८० मा स्थानीय तहका कर्मचारीहरू कामै रोकी आन्दोलित भए। उनीहरूका माग अन्तर तह सरुवा लागु हुनुपर्ने, समायोजन भएका कर्मचारीको उचित व्यवस्थापन हुनुपर्ने, तीन तहकै कर्मचारीलाई समान वृत्ति विकासको अवसर दिनुपर्ने, स्थानीय तहमा कर्मचारी कल्याण कोष अनिवार्य गर्नुपर्ने लगायतका थिए।[१४] असोज २७, २०८० मा सरकारसँग वार्ता भई माग सम्बोधन गर्ने भनी १९ बुँदे सहमति भएपछि मात्रै स्थानीय तहका कर्मचारीले आन्दोलनका कार्यक्रम फिर्ता लिएका थिए।[१५] यसपछि पनि विधेयक अगाडि बढ्न भने सकेन। बरु संसद्कै अधिवेशन कात्तिक १६, २०८० मा अन्त्य भयो। अनि उक्त विधेयक प्रधानमन्त्री कार्यालयमै थन्कियो।

प्रदेश र स्थानीय तहले राष्ट्रिय समन्वय परिषद्को पहिलो र दोस्रो बैठकका साथै अन्य फोरममा पनि प्रशासनिक सङ्घीयता कार्यान्वयनका दृष्टिले महत्त्वपूर्ण मानिएको यो विधेयकको आवश्यकताबारे आवाज उठाएका थिए। त्यसबाहेक कर्मचारी ट्रेड युनियनहरूले पनि यसलाई चाँडो ल्याउन दबाब दिएका थिए। सर्वत्र माग भएपछि मन्त्रिपरिषद्ले फागुन १७, २०८० मा विधेयकलाई अन्तिम रूप दियो र फागुन २१, २०८० मा प्रतिनिधिसभामा दर्ता गरियो।

## बहुपक्षीय स्वार्थको शिकार

प्रतिनिधिसभाको पहिलो कार्यकालमा सङ्घीय निजामती सेवा विधेयक संसद्मा पेस भई समितिबाट पास भइसकेपछि पनि फिर्ता लिइयो। पुष्पकमल दाहाल नेतृत्वको सरकारले प्रतिनिधिसभाको दोस्रो कार्यकालमा पेस गरेको नयाँ विधेयक पनि विवादमुक्त छैन। मन्त्रिपरिषद्ले संसद्मा पेस गर्ने निर्णय गरेको महिनौँसम्म पनि यसको थप प्रक्रिया अगाडि बढेन। बरु संसद्मा पेस गर्नुअघि नै विधेयकमा भएका बुँदाहरूमा अनेकौँ स्वार्थ सार्वजनिक भए। तहगत कर्मचारी, ट्रेड युनियन, राजनीतिक दल सबैले आ-आफ्नो अनुकूलको ऐन बनाउन प्रयत्न गरेकाले यसले ठोस आकार पाउन नसकेको देखिन्छ।

---

[८] नेकपा (एमाले) का नेता एवम् तत्कालीन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री लालबाबु पण्डितसँग चैत २९, २०८० मा गरिएको कुराकानी।

[९] बीबीसी न्यूज नेपाली। सन् २०२०। निजामती विधेयक : यी हुन् कर्मचारी असन्तुष्ट बन्नुका कारण। जुन ३०। https://www.bbc.com/nepali/news-53232753 मा उपलब्ध; जेठ ३, २०८१ मा हेरिएको।

[१०] सेतोपाटी। २०८०। सङ्घीय निजामती विधेयकका प्रावधानको कर्मचारीबाटै विरोध। असार १४। https://www.setopati.com/social/210014?fb_comment_id=2988461537897882_2988925961184773 मा उपलब्ध; वैशाख २५, २०८१ मा हेरिएको।

[११] उक्त सञ्जालले जारी गरेको प्रेस विज्ञप्तिका लागि हेर्नुहोस्: https://www.necseu.org.np/uploads/b51893ae7e0a5851bd321568da2480d78b2dbd21.jpeg; वैशाख २४, २०८१ मा हेरिएको।

[१२] सेतोपाटी। २०८०। निजामती कर्मचारीहरूसँग वार्ता गर्न सरकारले बनायो उपप्रधानमन्त्री खड्काको नेतृत्वमा समिति। वैशाख २१। https://www.setopati.com/politics/301231 मा उपलब्ध; वैशाख २५, २०८१ मा हेरिएको।

[१३] घिमिरे, रवीन्द्र। २०८०। प्रधानमन्त्री कुर्दै निजामती विधेयक, अतिरिक्त सचिव राख्न दबाब। *अनलाइन खबर*, असोज ७। https://www.onlinekhabar.com/2023/09/1370425 मा उपलब्ध; वैशाख २६, २०८१ मा हेरिएको।

[१४] अनलाइनखबर। २०८०।स्थानीय तहका कर्मचारी काम रोकेर आन्दोलनमा, सेवा प्रभावित। असोज १९। https://www.onlinekhabar.com/2023/10/1376904 मा उपलब्ध; वैशाख २५, २०८१ मा हेरिएको।

[१५] अनलाइनखबर। २०८०। स्थानीय तहका कर्मचारीको आन्दोलन फिर्ता, सरकारसँग १९ बुँदे सहमति। वैशाख २८। https://www.onlinekhabar.com/2023/10/1381185 मा उपलब्ध; वैशाख २५, २०८१ मा हेरिएको।

विधेयक निर्माण प्रक्रियाबारे निरन्तर रिपोर्टिङ गरिरहेका पत्रकार ऋषिराम पौड्यालका अनुसार विधेयकमा सचिव र सहसचिवको बीचमा अतिरिक्त सचिव राख्ने विषयमा लामो छलफल भएर करिबकरिब टुङ्गोमा पुगिसकेपछि पनि प्रधानमन्त्री कार्यालय र अर्थमन्त्रालयको उच्चपदस्थ अधिकारीहरूले यसमा विरोध जनाएका थिए।[१६] बढुवा सहज पार्न विधेयकमा अतिरिक्त सचिवको व्यवस्था गरिएको थियो। बढुवामार्फत सहसचिव भएका कर्मचारी यसको पक्षमा थिए तर खुला प्रतिस्पर्धाबाट आएका सहसचिवले अतिरिक्त सचिव राख्न नहुने अडानमा देखिए।[१७] छिटो बढुवा भई जागिर अवधि छोटिने भएकाले तिनले यस्तो अडान राखेका हुन्। अतिरिक्त सचिवको व्यवस्था हटाउँदा उपसचिवहरूले आपत्ति प्रकट गरेका थिए।[१८] भदौ ६, २०८० मा करिब ५० जना उपसचिवहरूले मुख्यसचिव डा. बैकुण्ठ अर्यालसँग भेटी सङ्घीय निजामती सेवा विधेयकमा प्रस्तावित अतिरिक्त सचिव हटाइएकोमा आपत्ति जनाएका हुन्।[१९] उक्त विधेयकको मस्यौदा निर्माणमा संलग्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका एक उपसचिवको भनाइमा विधेयकको सबैभन्दा ठूलो गाँठो निजामती सेवाको श्रेणीगत तहमा परेकाले विधेयक लामो समयसम्म प्रधानमन्त्री कार्यालयमा थन्किएको हो।[२०]

स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको खटनमा सङ्घ, प्रदेश र स्थानीय तहका आ-आफ्नै अडानहरू छन्। प्रदेश सरकार प्रदेश लोक सेवा आयोगमार्फत प्रमुख प्रशासकीय अधिकृतसहित सबै कर्मचारी छनोट गरेर स्थानीय तहमा पठाउन चाहन्छ। सङ्घ सरकारले १० वर्षसम्म स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत आफैले पठाउन खोजेको छ। स्थानीय तह आफ्नो आवश्यकता र परिस्थितिका आधारमा आफै प्रमुख प्रशासकीय अधिकृत र अन्य कर्मचारी छान्ने तर्क गर्छ। पत्रकार कृष्ण ज्ञवालीका अनुसार प्रमुख प्रशासकीय अधिकृतबाहेक पनि विवादका अनेकौँ विषय छन्।[२१] प्रदेश सचिव सङ्घले पठाउने कि प्रदेश सरकार आफैले राख्ने, निजामती सेवामा खुला प्रतिस्पर्धाबाट कति प्रतिशत प्रवेश गराउने, आन्तरिक प्रतिस्पर्धा कति प्रतिशतमा सीमित राख्ने, आन्तरिक प्रतिस्पर्धामा पनि फाइल बढुवा र परीक्षा प्रणालीलाई कसरी राख्ने विवाद उनले उल्लेख गरे। सतहमा देखिएका यी अनेकौँ विवादले नै सङ्घीय निजामती कर्मचारी विधेयकमा कति स-साना स्वार्थहरू मिसिएका छन् भन्ने पुष्टि गर्छन्।

[१६] *कान्तिपुर* दैनिकका पत्रकार ऋषिराम पौड्यालसँग वैशाख ५, २०८१ मा गरिएको कुराकानी।

[१७] सेजुवाल, कलेन्द्र र ऋषिराम पौड्याल। २०८०। निजामती विधेयकमा सहसचिवहरूको कैंची। *कान्तिपुर*, भदौ १०। https://ekantipur.com/news/2023/08/27/169309857959614 71.html मा उपलब्ध; वैशाख २८, २०८१ मा हेरिएको।

[१८] प्रशासन। २०८०। अतिरिक्त सचिव हटाएकोमा उपसचिवहरूको आपत्ति, भन्छन्, 'उक्लेर भऱ्याङ भत्काउने'। भाद्र ५। https://www.prasashan.com/2023/08/22/464705/ मा उपलब्ध; वैशाख २८, २०८१ मा हेरिएको।

[१९] घिमिरे, रवीन्द्र। २०८०। अतिरिक्त सचिव माग्दै मुख्य सचिवसँग उपसचिवहरूको खबरदारी। *अनलाइनखबर*, भदौ ७। https://www.onlinekhabar.com/2023/08/1355426 मा उपलब्ध; वैशाख २८, २०८१ मा हेरिएको।

[२०] सेजुवाल, कलेन्द्र र मकर श्रेष्ठ। २०८०। निजामती विधेयकमा कर्मचारीको सौदाबाजी। *कान्तिपुर*, आश्विन १७। https://ekantipur.com/news/2023/10/04/employee-bargaining-in-civil-bills-53-37.html मा उपलब्ध; वैशाख २३, २०८१ मा हेरिएको।

[२१] अनलाइनखबरका पत्रकार कृष्ण ज्ञवालीसँग वैशाख ३, २०८१ मा गरिएको कुराकानी।

## नयाँ विधेयक कस्तो छ ?

अघिल्लो पटक संसद्मा पुऱ्याएर फिर्ता गरिएको २०७५ सालको विधेयकभन्दा नयाँ विधेयक फरक छ। निजामती सेवामा रहने सेवा समूहहरू, आरक्षणको व्यवस्था, उमेरको हद, खुला र आन्तरिक बढुवाको प्रतिशत आदि विषयमा यी दुई विधेयकमा खास भिन्नताहरू पाइन्छन्। निजामती सेवाको विद्यमान अभ्यासमा विभिन्न समुदायका लागि ४५ प्रतिशत सिट आरक्षित छ। २०७५ मा पेस गरिएको विधेयकमा पनि आरक्षित सिट ४५ प्रतिशत र त्यसको ३३ प्रतिशतमात्रै महिलाका लागि थियो। नयाँ विधेयकमा यसलाई बढाएर ४९ प्रतिशत पुऱ्याई उक्त आरक्षित पदको ५० प्रतिशतमा महिलालाई छुट्ट्याइएको छ। आरक्षित पदमा पनि विभिन्न क्लस्टरको प्रतिशत तोकिएको छ जसमा मधेशीको सहभागिता केही घटेको छ भने दलित, थारू र मुस्लिमको प्रतिशत केही बढेको छ। नयाँ विधेयकमा आरक्षित ४९ प्रतिशत सिटलाई शतप्रतिशत मानेर त्यसमा १५.३ प्रतिशत मधेशीका लागि छुट्याइएको छ। तर पुरानो विधेयकमा आरक्षित ४५ प्रतिशत सिटलाई शतप्रतिशत मानी २० प्रतिशत मधेशीका निम्ति छुट्याइएको थियो।

### विधेयकका मुख्य बुँदाहरू

- ४९% आरक्षण, त्यसको आधा महिला हुने
- अनिवार्य अवकाश ६० वर्ष
- सेवा प्रवेशमा उमेरको हद पुरुषको ३२ र महिलाको ३७ वर्ष
- धेरै ट्रेड युनियन, प्रदेशमा र स्थानीय तहमा पनि (यसले गर्दा दलपिच्छे ट्रेड युनियन भइरहने)
- प्रदेश मन्त्रालयका सचिव प्रदेश निजामती सेवा मातहत भए पनि १० वर्षका लागि सङ्घले नै खटाउने
- स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत स्थानीय निजामती सेवा मातहत भए पनि १० वर्षका लागि सङ्घले खटाउने

२०७५ मा संसद्मा पेस गरिएको विधेयकमा सेवाको क्लस्टर (क) नेपाल इन्जिनियरिङ सेवा (ख) नेपाल कृषि तथा वन सेवा (ग) नेपाल प्रशासन सेवा र (घ) नेपाल स्वास्थ्य सेवामात्रै राखिएको थियो। अहिले संसद्मा रहेको विधेयकमा भने सेवाको क्लस्टर बढाएर ६ पुऱ्याइएको छ। पुरानो विधेयकमा रहेको नेपाल स्वास्थ्य सेवा हटाइएको छ र नेपाल न्याय सेवा, नेपाल परराष्ट्र सेवा र नेपाल लेखा परीक्षण सेवा थपिएको छ। पुरानो विधेयकले स्वास्थ्य सेवालाई पनि निजामती सेवा मातहत ल्याउन खोजेको थियो। तर स्वास्थ्य सेवा संवेदनशील विषय भएकाले यसलाई निजामती सेवामा समेट्दा कर्मचारीको खटनपटन एवम् व्यवस्थापन जटिल बन्ने र गाउँमा स्वास्थ्यकर्मी पठाउन नसकिने भन्दै नेपाली काँग्रेसका तर्फबाट सरकारमा सहभागी मन्त्रीहरूले विरोध गरेपछि अहिले स्वास्थ्य सेवा नसमेटिएको बताइन्छ।[२२]

२०७५ मा संसद्मा पेस गरिएको विधेयकमा अनिवार्य अवकाश पाउने उमेर हद ५८ वर्ष थियो र अहिले प्रचलित अभ्यास पनि त्यही हो।

[२२] घिमिरे, रवीन्द्र। २०८०। स्वास्थ्य सेवालाई निजामतीअन्तर्गत राख्ने प्रस्ताव हट्यो। *अनलाइनखबर*, भदौ ४। https://www.onlinekhabar.com/2023/08/1355426 मा उपलब्ध; वैशाख २८, २०८१ मा हेरिएको।

तर पछिल्लो विधेयकमा भने अवकाशको उमेर ६० वर्ष पुऱ्याइएको छ । स्वेच्छिक अवकाशमा निवृत्तिभरण पाउने उमेर हद पहिला ५० वर्ष पूरा हुनुपर्ने थियो भने अहिले ५५ वर्ष छ।

खुला प्रतिस्पर्धाबाट कर्मचारी छनोट हुने प्रक्रियामा नयाँ विधेयक थोरै उदार देखिन्छ । २०७५ को विधेयकमा राजपत्र अनङ्कित द्वितीय श्रेणीमा खुला प्रतियोगिताबाट ७० प्रतिशत, ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनबाट २० प्रतिशत र आन्तरिक प्रतियोगिताद्वारा १० प्रतिशत कर्मचारी राख्ने व्यवस्था थियो। अहिले संसद्मा रहेको विधेयकमा राजपत्र अनङ्कित द्वितीय श्रेणीमा खुला प्रतियोगिताबाट ८० प्रतिशत, ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनबाट १० प्रतिशत र आन्तरिक प्रतियोगिताद्वारा १० प्रतिशत कर्मचारी राख्ने व्यवस्था छ। राजपत्र अनङ्कित प्रथम श्रेणीमा भने २०७५ को तुलनामा अहिले संसद्मा रहेको विधेयक अनुदार छ । पुरानो विधेयकमा राजपत्र अनङ्कित प्रथम श्रेणीमा खुला प्रतियोगिताद्वारा ४० प्रतिशत, ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनबाट ४० प्रतिशत र कार्यसम्पादन मूल्याङ्कनबाट २० प्रतिशत कर्मचारी भर्ना गर्ने प्रावधान थियो। अहिलेको विधेयकमा उक्त श्रेणीमा शतप्रतिशत कर्मचारी बढुवाबाट गर्ने व्यवस्था छ । त्यस्तै, राजपत्राङ्कित तृतीय श्रेणीमा पुरानो विधेयकमा खुला प्रतियोगिताद्वारा ७० प्रतिशत, ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनबाट १० प्रतिशत र कार्यसम्पादन मूल्याङ्कनबाट २० प्रतिशत भर्ना गर्ने प्रावधान थियो भने नयाँ विधेयकमा खुला प्रतियोगिताद्वारा ६५ प्रतिशत, ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनबाट १० प्रतिशत र कार्यसम्पादन मूल्याङ्कनबाट २५ प्रतिशत भर्ना गर्ने व्यवस्था छ।

अघिल्लो विधेयकमा निजामती सेवामा प्रवेशको उमेर हद महिला र पुरुष दुवैको ३५ वर्ष थियो भने नयाँ विधेयकमा पुरुषको ३२ र महिलाको ३७ वर्ष छ। अहिले अभ्यासमा भने महिला र पुरुषका लागि उमेरको हद क्रमशः ४० वर्ष र ३५ वर्ष छ। २०७५ मा संसद्मा पेस गरिएको विधेयकमा निजामती कर्मचारीले पाउने बिदा आठ प्रकारका थिए भने अहिले पेस गरिएको विधेयकमा बिदाका प्रकार १० पुऱ्याइएको छ। ती थपिएका दुई प्रकार पर्यटन बिदा र विवाह बिदा हुन्।

२०७५ को विधेयकमा निजामती कर्मचारीको हक हितका लागि सामूहिक संवाद र सहमति गर्न तथा कर्मचारीको प्रतिनिधित्व गर्नका लागि एकमात्रै आधिकारिक ट्रेड युनियन रहने व्यवस्था थियो । अहिले संसद्मा रहेको विधेयकमा भने त्यस्तो छैन। यस विधेयकले दलीय आधारमा ट्रेड युनियन गठन गर्ने व्यवस्थालाई कायम राख्दै प्रदेश र स्थानीय तहमा समेत ट्रेड युनियन खोल्ने बाटो खोलेको छ।

पहिलाको विधेयकमा प्रदेश सरकारका प्रमुख सचिव र प्रदेश मन्त्रालयका सचिवको पद सङ्घीय निजामती सेवाको मानिने भनिएको थियो भने अहिलेको विधेयकले प्रदेशको मन्त्रालयका सचिवलाई प्रदेश निजामती सेवाको मान्दै १० वर्षका लागि भने ती पदमा पनि सङ्घले नै सङ्घीय निजामती सेवाका व्यक्तिलाई खटाउने व्यवस्था गरेको छ। त्यसैगरी, पहिलाको विधेयकमा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतको पद सङ्घीय निजामती सेवाअन्तर्गत थियो भने अहिले स्थानीय निजामती सेवाको मान्दै १० वर्षका लागि उक्त पदमा पनि सङ्घले सङ्घीय निजामती सेवाका व्यक्तिलाई खटाउने व्यवस्था गरिएको छ।

## विवाद बाँकी नै छन्

सङ्घीय निजामती सेवा विधेयक दोस्रो पटक दर्ता भई संसद्मा पुग्दा पनि यसमा अनेकन विवाद कायमै छन्। यस्तो विवादमा राजनीतिक दलहरूले स्पष्ट मत राख्नेभन्दा पनि कर्मचारीका समूह, ट्रेड युनियन र अनेक समूहको स्वार्थ प्रकट हुन थालेका छन् । त्यसैले विधेयकमा भएका सबै विषय जस्ताको जस्तै पास हुने कुनै सम्भावना नै छैन। संसद्मा विधेयकमाथि २१५ ओटा संशोधन प्रस्तावहरू पेस भइसकेका छन्।[२३]

यस विधेयकबारे संसदका ठूला दलहरू नेपाली काँग्रेस, नेकपा (एमाले), नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) बीच पनि मतैक्य छैन । अन्य दलहरूको पनि यसमा फरक मत छन्। सङ्घीयतालाई बलियो र संस्थागत गर्न प्रमुख प्रशासकीय अधिकृत र प्रदेश सचिव प्रदेश सरकारको मातहतमा हुनुपर्ने अडान नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) लगायतका दलहरूको छ। नेपाली काँग्रेस र नेकपा (एमाले) ले भने सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय गर्न प्रमुख प्रशासकीय अधिकृत र प्रदेश सचिव सङ्घको हुनुपर्ने अडान राखेका थिए।[२४]

### विवादका मुख्य विषयहरू

- स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत र प्रदेश सचिव पहिलो १० वर्षलाई सङ्घले नै खटाउन हुने कि नहुने
- अहिले जस्तै धेरै कि एक मात्र आधिकारिक ट्रेड युनियन राख्ने
- सचिव र सहसचिवको बीचमा अतिरिक्त सचिव राख्ने कि नराख्ने
- पदहरूमा बढुवा र खुला प्रतिस्पर्धाको प्रतिशत कति राख्ने

प्रदेश सचिव सङ्घबाट खटाउने कि प्रदेश निजामती सेवालाई नै यस्तो अधिकार दिने भन्नेमा मुख्य दलहरू लामो समयसम्म अनिर्णित बने। नेपाली काँग्रेस र माओवादी केन्द्रबीच प्रदेश मन्त्रालयहरूमा कुन तहको सचिव कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा लामो समयसम्म सहमति हुन सकेन।[२५] एकातिर दलहरू सहमतिमा पुग्न नसक्ने, अर्कोतिर तिनै दल निकटका ट्रेड युनियनहरू विभिन्न माग र मुद्दासहित आन्दोलन गर्ने अभ्यासले सङ्घीय निजामती सेवा विधेयक विवादमा परिरहेको हो । कतिपय अवस्थामा राजनीतिक दल र कर्मचारीका मुद्दा मिश्रित भई प्रकट भएको पनि पाइन्छ। खास गरी दलहरू मुखर नहुने तर कर्मचारी युनियनहरूलाई अघि सार्ने भएकाले पनि कर्मचारीका ट्रेड युनियन यस प्रक्रियामा अलि बढी हावी भएजस्ता देखिन्छन्।

विधेयकले सुविधा, बढुवा र सरुवा जस्ता कर्मचारीका अनुकूलताका विषयमा अत्यधिक ध्यान दिएको छ। तर सँगसँगै नागरिकका लागि सेवा

---

[२३] प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडासँग वैशाख १२, २०८१ मा भएको कुराकानी।

[२४] शर्मा, भुवन । २०८० । किन रोकियो निजामती विधेयक ? *नागरिक न्यूज*, भदौ २८ । https://nagariknews.nagariknetwork.com/politics/1293941-1694743834.html मा उपलब्ध; वैशाख २३, २०८१ मा हेरिएको।

[२५] घिमिरे, रवीन्द्र । २०८० । प्रधानमन्त्री कुर्दै निजामती विधेयक, अतिरिक्त सचिव राख्न दबाब । *अनलाइनखबर*, असोज ७ । https://www.onlinekhabar.com/2023/09/1370425 मा उपलब्ध; वैशाख २६, २०८१ मा हेरिएको।

र सुविधा सहज र सरल हुनुपर्ने भन्ने दृष्टिकोणमा यो विधेयक कमजोर छ। विधेयकको प्रस्तावनामा निजामती सेवालाई उत्तरदायी बनाउने भनिए पनि कोप्रति उत्तरदायी भन्ने खुल्दैन। निजामती सेवा जनताप्रति उत्तरदायी हुनुपर्ने धारणा राख्छन् प्रशासन तथा कानूनविद काशीराज दाहाल।[२६] तोकेरै जनताप्रति उत्तरदायी बनाउने भनी लेख्नुपर्ने माग केही विज्ञले गरे पनि जानीजानी त्यसो नगरिएको बताइन्छ। प्रतिनिधिसभामा यस विधेयकमाथि सैद्धान्तिक छलफलमा बोल्दै स्वतन्त्र सांसद अमरेशकुमार सिंहले विधेयक जनतामुखी नभई कर्मचारीमुखी भएको आरोप लगाए। नेपाली प्रशासनको संरचनागत त्रुटिका कारण कर्मचारीहरू जनताको सेवक हुनुपर्नेमा शासक जस्ता भएका छन् र त्यसलाई सच्याउन अन्तरदलीय छलफल गरी विधेयक परिमार्जन गर्नुपर्छ भन्ने भनाइ नेपाली काँग्रेसका महामन्त्री तथा प्रतिनिधिसभा सदस्य गगनकुमार थापाको थियो। त्यसै गरी, राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद तोसीमा कार्कीले कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनमा सेवाग्राहीको समेत भूमिका हुनुपर्ने तर्क राखेकी थिइन् भने नेकपा (एमाले) की प्रतिनिधिसभा सदस्य ईश्वरी घर्तीले कर्मचारीको सेवा सुविधासँग मात्र सम्बन्धित नभएर जनताले पाउनुपर्ने सेवा सुविधामा पनि ध्यान दिनुपर्ने बताइन्।[२७]

लोकसेवा आयोगका पूर्व अध्यक्ष तथा पूर्व सचिव उमेश मैनाली भन्छन्, "यो विधेयक सङ्घीयताको मर्मको खिलापमा छ। १० वर्षसम्म केन्द्रबाटै स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत पठाउने जुन व्यवस्था गरियो त्यसले सङ्घीयताको मर्म बोक्दैन। सहसचिवलाई एक वर्षमा र सचिवलाई जहिले पनि सरुवा गर्ने प्रावधानले अस्थिरता निम्त्याउने देखिन्छ। सङ्घीय व्यवस्थाको ऐन भए पनि यो पहिलेकै निजामती सेवा ऐनजस्तो देखिन्छ। क्षमता र योग्यताका आधारमा बढुवा हुनुपर्नेमा ज्येष्ठतामा आधारित बढुवा राखिएको छ। ट्रेड युनियनबारे पुरानै कुराहरू छन् र केन्द्रको प्रभुत्व उस्तै खालको छ।"[२८]

नेपाली काँग्रेसकी सांसद कान्तिका सेजुवालका अनुसार सिंहदरबार र वरपरमात्रै हेरेर कानून बनाइने विगतको अभ्यास यो विधेयकमा पनि दोहोरिएको छ। उनले भनिन्, "बढुवाको मापदण्डमा दुर्गममा काम गरेकाको आधारमा अंक बढाउनुपर्नेमा अहिलेको विधेयकले त्यसमा कन्जुस्याइँ गरेको छ।"[२९]

उमेश मैनाली अहिले पनि यो विधेयक पास हुनेमा शंका व्यक्त गर्छन्। उनी भन्छन्, "कर्मचारीतन्त्रमा निहित स्वार्थ राख्ने समूह छन्। तिनले यस विधेयकलाई अघि बढ्न दिँदैनन्।"[३०] नेपाल सरकारकै अर्का पूर्वसचिव शारदाप्रसाद त्रितालले कर्मचारी युनियनहरूकै कारणले गर्दा संविधान जारी भएलगत्तै बन्नुपर्ने निजामती सेवा ऐन आठ वर्ष बितिसक्दा पनि आउन नसकेको बताए।[३१] ट्रेड युनियन कर्मचारीको अधिकारको कुरा हो। तर अहिले अभ्यासमा देखिएका दलैपिच्छेका ट्रेड युनियनले कर्मचारी प्रशासनलाई व्यावसायिक, छरितो र नतिजामुखी बन्न रोकेका छन्। त्यसैले पुरानो विधेयकमा झैँ एक मात्र आधिकारिक ट्रेड युनियन बनाउन सरकारले गर्न खोजेको प्रयास चौतर्फी दबाब पछि विफल भयो र अहिलेको अभ्यासजस्तै गरी दलपिच्छेका ट्रेड युनियन प्रदेश र स्थानीय तहमा समेत खुल्ने प्रावधान नयाँ विधेयकमा परेको छ।[३२] दलैपिच्छेका ट्रेड युनियनले गर्दा कर्मचारी प्रशासनमा विभाजन ल्याएको र कार्य दक्षतासमेत घटाएकाले एक मात्रै आधिकारिक ट्रेड युनियन राख्न सबै दलहरूले साझा प्रयास गर्नुपर्ने राय नेकपा (एमाले) का सांसद रघुजी पन्तको छ।[३३]

संसद्को राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडा यो विधेयकमा धेरैको धेरै स्वार्थहरू गाँसिएर आएको स्वीकार्छन्। उनी भन्छन्, "कसैलाई अतिरिक्त सचिव राख्नुपर्ने, कसैलाई राख्न नहुने, कसैले प्रदेशमा गएकोलाई माथि सङ्घमा ल्याउनै नहुने, कसैले एक प्रदेशबाट अर्को प्रदेशमा सरुवा गर्नै नहुने। विभिन्न विषयमा फरक प्रस्तावहरू आएका छन्। हामी सबैसँग छलफल गरेर एक भएर जान्छौँ।"[३४]

सरकार र कर्मचारी प्रशासनबीच सौहार्द सम्बन्ध नभई राज्यले प्रदान गर्ने सेवालाई प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक सक्षम, समावेशी, व्यावसायिक, उच्च मनोबलयुक्त र नैतिकवान प्रशासन संयन्त्र प्राप्त हुँदैन। तसर्थ खास समूहको स्वार्थलाई बेवास्ता गरी बृहत्तर कर्मचारीको भलाईलाई केन्द्रमा राखेर विधेयकलाई संशोधन गरिनु जरुरी छ। प्रदेश र स्थानीय तहलाई थप बलियो बनाउन त्यहाँको प्रशासनिक निकायलाई कसरी बलियो र चुस्त बनाउने, प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि र उनीहरूको गुणवत्तामा कसरी निखार ल्याउँदै चुस्त प्रशासनिक सञ्जालको निर्माण गर्ने भन्ने विषयमा छलफल सोझिनुपर्छ।

---

[२६] दाहाल, काशीराज। २०८०। निजामती सेवा विधेयकले ध्यान दिनुपर्ने ६ कुरा। *सेतोपाटी*, असोज २६। https://www.setopati.com/opinion/313716 मा उपलब्ध; वैशाख २५, २०८१ मा हेरिएको।

[२७] चैत २१, २०८० मा प्रतिनिधिसभा बैठकमा सङ्घीय निजामती सेवा विधेयकमाथि भएको सैद्धान्तिक छलफलमा व्यक्त विचार। https://hr.parliament.gov.np/np/videos/Chalphal-1712164228 मा उपलब्ध; वैशाख २८, २०८१ मा हेरिएको।

[२८] वैशाख ४, २०८१ मा मार्टिन चौतारी र डीआरसीएनको संयुक्त कार्यक्रम डेमोक्रेसी डायलगअन्तर्गत आयोजित 'सङ्घीय निजामती सेवा ऐन : अन्तर्वस्तु र ढिलाइ' विषयक अन्तर्क्रिया कार्यक्रममा नेपाल सरकारका पूर्वसचिव एवम् लोक सेवा आयोगका पूर्वअध्यक्ष उमेश मैनालीले व्यक्त गरेको विचार।

[२९] वैशाख ४, २०८१ मा मार्टिन चौतारी र डीआरसीएनको संयुक्त कार्यक्रम डेमोक्रेसी डायलगअन्तर्गत आयोजित 'सङ्घीय निजामती सेवा ऐन : अन्तर्वस्तु र ढिलाइ' विषयक अन्तर्क्रिया कार्यक्रममा प्रतिनिधिसभा सदस्य कान्तिका सेजुवालले व्यक्त गरेको विचार।

[३०] वैशाख ४, २०८१ मा मार्टिन चौतारी र डीआरसीएनको संयुक्त कार्यक्रम डेमोक्रेसी डायलगअन्तर्गत आयोजित 'सङ्घीय निजामती सेवा ऐन : अन्तर्वस्तु र ढिलाइ' विषयक अन्तर्क्रिया कार्यक्रममा नेपाल सरकारका पूर्वसचिव एवम् लोक सेवा आयोगका पूर्वअध्यक्ष उमेश मैनालीले व्यक्त गरेको विचार।

[३१] शर्मा, शोभा। २०८०। ट्रेड युनियनले यसरी ध्वस्त पारेका छन् निजामती सेवा। *सेतोपाटी*, असोज १८। https://www.setopati.com/politics/313197 मा उपलब्ध; वैशाख २५, २०८१ मा हेरिएको।

[३२] घिमिरे, रवीन्द्र। २०८०। दलसम्बद्ध ट्रेड युनियन खोल्न नदिने प्रस्तावबाट पछि हट्यो सरकार। *अनलाइनखबर*, भदौ ३। https://www.onlinekhabar.com/2023/08/1353149 मा उपलब्ध; वैशाख २७, २०८१ मा हेरिएको।

[३३] चैत २१, २०८० मा प्रतिनिधिसभा बैठकमा सङ्घीय निजामती सेवा विधेयकमाथि भएको सैद्धान्तिक छलफलमा व्यक्त विचार। https://hr.parliament.gov.np/np/video/18146 मा उपलब्ध; वैशाख २८, २०८१ मा हेरिएको।

[३४] प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडासँग वैशाख १२, २०८१ मा भएको कुराकानी।

## निचोड

सङ्घीय निजामती सेवा विधेयकमाथि अनेकौँ स्वार्थ समूहहरूको आआफ्नै खिचातानी छ । यसैका कारण प्रतिनिधिसभाको पहिलो कार्यकालमा प्रवेश पाई राज्य व्यवस्था तथा सुशासन समितिमा लामो समयसम्म छलफल भएर पनि यो विधेयक फिर्ता लिइयो । यसको मस्यौदा बनाउनेदेखि यसको छलफलका लागि बसेका ६१ ओटा बैठकको श्रम, समय र स्रोत व्यर्थै भयो ।

अहिले दोस्रो पल्ट संसद्मा यो विधेयकले पुनः प्रवेश पाए पनि विवादका विषय प्रशस्तै छन् । कुन दफा र उपदफाले कुन निश्चित व्यक्ति वा समूहलाई घाटा वा नाफा हुन्छ भन्ने दृष्टिकोणले सङ्घीयताको मर्मअनुसारको निजामती सेवा ऐन बन्न सक्दैन । त्यसैले समग्र प्रशासन संयन्त्रको बृहत्तर हित सोची यसलाई जनतामुखी बनाउनेतर्फ ध्यान केन्द्रित हुन अत्यावश्यक छ । यस विधेयकमाथि छलफल गर्दा विज्ञ र सरोकारवालासँग छलफल गर्नु उत्तम हुन्छ । त्यसैले सङ्घीय निजामती सेवा ऐन बनाउँदा प्रदेश र स्थानीय तहका प्रतिनिधिसँग छलफल गरी उनीहरूका सुझावसमेत समावेश गर्नु मनासिव देखिन्छ ।

निजामती प्रशासन सञ्चालनको मेरुदण्ड मानिएको सङ्घीय निजामती सेवा ऐनमा नियुक्ति प्रतिस्पर्धात्मक र समावेशी हुनुपर्छ । सरुवा अनुमानयोग्य र बढुवा प्रणालीगत हुनुपर्छ । कर्मचारीको मनोबल गिराएर बन्ने कानूनले अपेक्षित नतिजा दिँदैन । त्यसैले समग्र कर्मचारी संयन्त्रको हितलाई ध्यान दिई जनमुखी प्रशासन बनाउनेतर्फ यो विधेयकको ध्यान जानुपर्छ । स्वभावतः सङ्घीय प्रणालीमा तीन तहका सरकारबीच सम्बन्धका आयाम सुमधुर र समन्वयात्मक बनाउन कर्मचारी प्रशासनको अहम् भूमिका हुन्छ । त्यसैले प्रशासनिक सङ्घीयतालाई प्रभावकारी बनाउने अवसर यो विधेयकले दिएको छ र सङ्घीय संसद्ले यो अवसरको सदुपयोग गर्नै पर्छ ।

◆◆◆

सन् २०१४ मा स्थापित डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) सामाजिक र राजनीतिक विषयमा अध्ययन-अनुसन्धान गर्ने राष्ट्रिय गैर-सरकारी संस्था हो । स्थापनाकालदेखि यस संस्थाले नेपालको संक्रमणकालीन राजनीतिमा संघीयता कार्यान्वयनको प्रक्रिया, स्थानीय तह पुनःसंरचना, निर्वाचन पर्यवेक्षण, जस्ता विषयमा स्थलगत र तथ्यमा आधारित अध्ययन-अनुसन्धान गरेको छ । डीआरसीएनले अध्ययन-अनुसन्धानका निष्कर्ष सरोकारवालाहरूसँग प्रस्तुत गर्ने, छलफल र बहस पनि चलाउने गरेको छ । यस्ता अनुसन्धान कार्य र बहसमार्फत नेपालको संघीय संरचना अन्तर्गत प्रभावकारी शासन पद्धतिको प्रवर्द्धन गर्नु डीआरसीएनको लक्ष्य हो ।

DEMOCRACY RESOURCE CENTER

**डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल**

कुपण्डोल, ललितपुर, नेपाल | फोन : +९७७-१-५९०२२८६

info@democracyresource.org | https://www.democracyresource.org/